# जनकपुरधाम उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### जनकपुरधाम,धनुषा
### प्रदेश नं.२, नेपाल

**बोलपत्र आव्हान को ७(सात)दिने सुचना**

**प्रकाशित मितिः-२०७८/३/१५**

यस जनकपुरधाम उपमहानगरपालिका को स्वामित्वमा रही रेखदेख,मर्मत र संभार तथा ठेक्का बन्दोबस्त गरी संरक्षण र सदुपयोग गर्दै आएका तपसिल बमोजिमका पोखरीको पानी मा हुने बाली नगर कार्यपालिकाको निर्णय बमोजिम ठेक्का बन्दोबस्त गर्नुपरेकोहुँदा तपसिल बमोजिमको शर्त एवं बन्देजको अधिनमा रीतपूर्वक शिलबन्दी बोलपत्र पेश गर्न ७ दिने यो सूचना प्रकाशित गरिएको छ ।

१. ठेक्का अवधी ठेक्का करारनामा गरी चलन पुर्जी लिएको मितिले ५(पांच)वर्षको हुनेछ ।

२. धरौटी बापत रकम यस कार्यालयको रा.वा.बैंक,जनकपुरधाम(भानु चौक शाखा) मा रहेको धरौटी खाता नं.१२२०१००३०३००००००७ मा जम्मा गरेको सक्कलै बैंक भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

३. रित नपुगेको,केरमेट भएको,सहिछाप नभएको र म्याद नाघी आएका बोलपत्र उपर कुनै कारवाही हुनेछैन

४. बोलपत्र मिति २०७८/०३/२१ गते दिन को ५(पाँच) बजे सम्म नेपाली नागरिकताको प्रतिलिपी र स्थायी लेखा दर्ता नम्बर (PAN), आ.व.०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी समेत निवेदन साथ राखी खरीद गर्न किनेछ

५. बोलपत्र फारम भर्दा आफुले सकार गरेको रकम अंक तथा अक्षरमा समेत स्पष्ट रुपले उल्लेख गरी बोलपत्र फारम खाम भित्र राम्ररी बन्द गरी सिल लाहाछाप लगाई खाम बाहिर यस कार्यालयको नाम र आफ्नो नाम,ठेगाना र पोखरी को नाम समेत बोलपत्र फारममा स्पष्ट उल्लेख गरी यस कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

६. बोलपत्र मिति २०७८/०३/२२ गते दिनको १२.०० बजे सम्म दर्ता गरिसक्नुपर्नेछ ।दर्ता हुन आएको बोलपत्रहरु सोही दिन को २.०० बजे यस कार्यालयमा खोलिनेछ ।बोलपत्र खोलिने बखत बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित रहनुपर्नेछ । उपस्थित नरहेमा पनि बोलपत्र खोलिने कार्य रोकिने छैन ।

७. बोलपत्र स्विकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार यस कार्यालय मा सुरक्षित रहनेछ ।

८. बोलपत्र स्विकृत भएको सुचना पाएपछि सो सुचनामा उल्लेखित म्याद भित्र ठेक्का करारनामा नगरी चलनपुर्जि नलिएमा ठेकेदारले राखेको धरौटी रकम जफत गरी अर्को बन्दोबस्त गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

९. कबुल अंक बराबरको रकम पांच किस्तामा बुझाउनुपर्नेछ, जसमा पहिलो किस्ता रकम पट्टा उठाउनु पुर्व र अन्य किस्ता रकम बराबर को बैंक ग्यारेण्टी राखी वा पहिलो किस्ता नगदी तथा दोश्रो किस्ता बराबर को बैंक ग्यारेण्टी,अर्को वर्षमा चालु किस्ता नगदी,आउने अघिल्लो वर्षको बैंक ग्यारेण्टी गरी प्रत्येक वर्षको किस्ता प्रतिवर्ष बुझाउनुपर्नेछ वा चार किस्ता बराबरको रकमको दोब्बर मूल्यको धनजमानी बुझाउनुपर्नेछ । मालपोत कार्यालय बाट रोक्का पत्र आएपछि मात्र ठेक्का सम्झौता(करारनामा) हुनेछ र सो म्याद भित्र किस्ता रकम नबुझाएमा कार्यालयले ठेक्का तोडी अर्को व्यवस्था गर्न सक्नेछ।

१०. कार्यालय को करारनामा मा उल्लेखित म्याद अनुसार ठेकेदारले ठेक्का संचालन गर्नुपर्नेछ

११.पोखरी र सो को पानी तथा डिलहरुको संरक्षण सम्झौता अवधी सम्म ठेकेदारले नै गर्नुपर्नेछ ।पोखरी को पानी सार्वजनिक सदुपयोगमा प्रतिकुल असर नपर्ने गरी ठेकेदारले संचय गरी राखु पर्नेछ

१२कार्यालय ले समय समय मा दिईने निर्देशन तथा आदेशहरु ठेकेदारले तदारुकता साथ पालन गर्नुपर्नेछ ।

१३. ठेकेदार र कार्यालय बिच कुनै किसिमको मतभिन्नता भएमा कार्यालय को निर्णय मान्य हुनेछ ।

१४. सूचनामा उल्लेखित पोखरीहरुको बोलपत्र फाराम छुट्टाछुट्टै खरीद गरि छुट्टाछुट्टै दर्ता गराउनुपर्नेछ ।

१५. बोलपत्र खरिद गर्ने अन्तिम दिन तथा दर्ता गराउने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य सो को भोलिपल्ट कार्यालय खुलेको दिनमा गरिनेछ ।

| सि.नं. | पोखरीको नाम | न्यूनतम अंक | कबुल अंक को धरौटी | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| १. | सुकलाईन पोखरी, वडा नं.२२ | रु. २४३७५०/- | ५% | १०००/- |
| २. | खता ओलार पोखरी,वडा नं.२२ | रु.७४७५५/- | ५% | १०००/- |
| ३. | मटकोर्वा पोखरी, वडा नं.२३ | रु.२६००००/- | ५% | १०००/- |
| ४. | खता ओलार(नेपाल सरकार)वडा नं.२२ | रु.११३७५०/- | ५% | १०००/- |
| ५. | रोईयाही पोखरी,वडा नं.२२ | रु.९८१२१०/- | ५% | ३०००/- |
| ६. | चभच्चा पोखरी, वडा नं.२२ | रु.२६३२५०/- | ५% | १०००/- |
| ७. | भैरव स्थान पोखरी, वडा नं.२० | रु.९४२५००/- | ५% | ३०००/ |
| ८. | टेरबहिया बनखत पोखरी,वडा नं.२२ | रु.१००७५०//- | ५% | १०००/- |

प्रमुख प्रशासकीय अधिकृत